अनुसूची-१६
(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री अम्बिकेश्वरी सामुदायिक वन उपभोक्ता समूह

शान्तिनगर गाउँपालिका वडा नं. २, अमुवा, दाङ

मजीत
अध्यक्ष

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

### प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०१/२९

श्री अम्बिकेश्वरी सामुदायिक वन उपभोक्ता समूह शान्तिनगर गाउँपालिका वडा नं.-२, अमुवा दाङको आ.व. २०८१/०८२ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार साथै वन पैदावार आपूर्ति समितिबाट फिर्ता भएको काठ शान्तिनगर गाउँपालिका वडा नं. १ अमुवा, दाङमा घाट्गद्दी गरी राखिएको निम्न लटको तपशिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आवद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौ) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आहान गरिन्छ ।

**तपसिल**

१. वन पैदावारको विवरण

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ/ दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | घाङ नं | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु) | |
| १ | १ | साल | गोलिया | A | २२ | ३३२.३० | १२५० | ४१५३७५.०० | २१०५३८.९० |
| | | | | B | ७३ | ७२९.९० | ९०० | ६५६९१०.०० | |
| | | | | C | ९८ | ५२२.२५ | ६०० | ३१३३५०.०० | |
| | | | | D | १४ | ३५.०८ | ३०० | १०५२४.०० | |
| | लट नं. १ को जम्मा | | | | २०७ | १६१९.५३ | | १३९६१५९.०० | |
| २ | २ | साल | गोलिया | A | २२ | ३८९.५० | १२५० | ४८६८७५.०० | २१६०४७.०० |
| | | | | B | ५६ | ५४२.६० | ९०० | ४८८३४०.०० | |
| | | | | C | १६१ | ६७५.९६ | ६०० | ४०५५७६.०० | |
| | | | | D | १९ | ५३.८४ | ३०० | १६१५२.०० | |
| | लट नं. २ को जम्मा | | | | २५८ | १६६१.९० | | १३९६९४३.०० | |
| ३ | आपूर्ति समिति बाट फिर्ता | साल | गोलिया | A | ·१ | ११.३० | १२५० | १४१२०.१९ | १४३५४२.८७ |
| | | | | B | ३ | २६.८५ | ९०० | २४१६९.३७ | |
| | | | | C | २९ | १११.३८ | ६०० | ६६८३०.१९ | |
| | | | | D | १० | २५.८० | ३०० | ७७३८.५३ | |
| | साल दाउरा | | चट्टा | | | १०.०० | १२००० | १२००००.०० | |
| | मिश्रित दाउरा | | | | | ०.५० | ८००० | ४०००.०० | |
| | लट नं. ३ को जम्मा | | | | ४३ | १७५.३३ | | ११२८५८.२७ | |
| ४ | कटान क्षेत्रमा भएको | साल | गोलिया | A | १९ | २८२.३० | १२५० | ३५२८७५.०० | ११३०२५.९० |
| | | | | B | ३३ | ३०७.६० | ९०० | २७६८४०.०० | |
| | | | | C | ६२ | २७६.८१ | ६०० | १६६०८६.०० | |
| | | | | D | १ | २.७२ | ३०० | ८१६.०० | |
| | | जम्मा | | | ११५ | ८६९.४३ | | ७९६६१७.०० | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८२/०२/१८ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय



Scanned with CamScanner

अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री अम्बिकेश्वरी सामुदायिक वन उपभोक्ता समूह

शान्तिनगर, गाउँपालिका वडा नं. २, अमुवा, दाङ

मजीत

अध्यक्ष

(क) अन्तिम मितिः २०८१/०२/१९ (ख) समय १२.०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको नेपाल इन्भेस्टमेन्ट मेघा बैंक, जुम्लेकुला, दाङ शाखामा रहेको खाता नं. ०७७०१०५०२५१४४० मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्युनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १०००/- र बढी भएको खण्डमा प्रति लटको रु. २०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस अम्बिकेश्वरी सामुदायिक वन उपभोक्ता समूहको शान्तिनगर गा.पा.-२, अमुवा, दाङमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/०२/१९ गते यस समूहको कार्यालयमा दिनको १:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र साकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्दी कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।



Scanned with CamScanner